# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) बमोजिम वस्तु पैठारीमा बन्देज लगाई खण्ड ६९, सङ्ख्या ५२, मिति २०७६।१२।२४ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेकोमा सोही दफाको उपदफा (२) बमोजिम नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट आर्थिक वर्ष २०८२/०८३ को लागि सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने देहाय बमोजिमको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि मात्र कच्चा पदार्थको रूपमा केराउ (एच.एस.कोड ०७१३.१०.१०), सुपारी (एच.एस.कोड ०८०२.८०.००) र सेतो मरिच (एच.एस.कोड ०९०४.११.२०) र कालो मरिच (एच.एस.कोड ०९०४.११.३०) लाई आर्थिक वर्ष २०८२/०८३ को लागि पैठारी गर्न अनुमति दिने।

(ख) खण्ड (क) बमोजिम अनुमति दिँदा उद्योग विभागबाट देहायका विषयमा आवश्यक जाँचबुझ तथा औद्योगिक कच्चा पदार्थको उपलब्धता, आवश्यकता एवम् औचित्य र आयात गर्न आवश्यक परिमाणको साथै आयात गरिएको कच्चा पदार्थ औद्योगिक प्रयोजनका लागि कच्चा पदार्थको रूपमा मात्र सदुपयोग भएको सुनिश्चितता उद्योग विभागबाट हुने गरी सम्बन्धित उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको परिमाण यकिन गरी तोकिएका मालवस्तु पैठारीको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा सिफारिस गर्ने :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>नयाँ स्थापना भएका उद्योगको हकमा</u>** : उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, उद्योगको उत्पादन क्षमता, उद्योगको वार्षिक स्वीकृत स्किमको प्रतिलिपि, चालु आर्थिक वर्षमा सञ्चालन हुने र उत्पादन लक्ष्यको स्वघोषणा लगायतका विवरण।

२. **<u>विगत देखि सञ्चालनमा रहेका उद्योगको हकमा</u>** : उद्योग दर्ता प्रमाणपत्र र कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर/ स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, उद्योगको उत्पादन क्षमता, सञ्चालन अवस्था, चालु आर्थिक वर्षमा सञ्चालन हुने र उत्पादन लक्ष्यको स्वघोषणा, उद्योगको वार्षिक स्वीकृत स्किमको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षमा कच्चा पदार्थ पैठारी गरेको भए पैठारीको परिमाण, त्यसको उपयोगबाट भएको उत्पादन र बचत परिमाण लगायतका विवरण।

**<u>द्रष्टव्यः</u>** खण्ड ७४, सङ्ख्या २८, मिति २०८१/०६/०७ को नेपाल राजपत्र भाग ५ र खण्ड ७४, सङ्ख्या ५५, मिति २०८१/११/०१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**

**मधु सुदन बुर्लाकोटी**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.द्.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।